# इलाम नगरपालिका
# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ६ सङ्ख्या : ६ मिति : २०७९।१०।६**

**भाग १**

**इलाम नगरपालिकाको बाह्रौ नगर सभाबाट पारित इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी (तेस्रो संशोधन) ऐन, २०७९ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी (तेस्रो संशोधन) ऐन, २०७९

**नगर सभाबाट स्वीकृत मिति : २०७९।१०।६**

**प्रमाणीकरण मिति : २०७९।१०।६**

इलाम नगरपालिकाको मिति २०७४।५।३० को नगर सभाबाट स्वीकृत इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन ऐन २०७४ मिति २०७५।९।२२ मा पहिलो संशोधन, मिति २०७६।११।११ मा दोस्रो संशोधन भई कार्यान्वयन भइरहेको सन्दर्भमा सो ऐनलाई थप व्यवस्थित गर्नका लागि तेस्रो संशोधन गर्न आवश्यक भएकोले इलाम नगरपालिका, बाह्रौ नगर सभाको मिति २०७९।१०।६ को निर्णयबाट **इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी (तेस्रो संशोधन) ऐन, २०७९** जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी (तेस्रो संशोधन) ऐन, २०७९ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** दफा ५(४) साझेदारीमा निर्माण गरेको संरचना संचालन गरिरहेको अवस्थामा कम्तीमा ३ महिना प्रयोग गरि लगानीकर्ताले विचमा संझौता भंग गरि संरचना खाली गरेमा संरचना हानी नोक्सानी गरेको भए लगानी रकम कट्टा गरि बाँकी रकम चालु आर्थिक बर्षमा बजेट व्यवस्था भए सोही बर्ष र बजेट व्यवस्था नभएको भए आगामी आर्थिक बर्ष मात्र फिर्ता गर्नु पर्ने छ।

**३.** दफा ५(१३) माथि जुनसुकै कुरा लेखिए पनि साझेदारीमा निर्माण हुने संरचनामा लगानी भई निर्माण भएको संरचना नगरपालिकालाई आवश्यक परेको अवस्थामा राजश्व परामर्श समितिको सिफारिसमा नगरपालिकाले वैकल्पिक व्यवस्थापन गर्न वा लगानी रकम जुनसुकै अवस्थामा फिर्ता गर्न सक्नेछ।

आज्ञाले

गणेशकुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत